# प्रतिलिपि अधिकार नियमावली २०४६

नेपाल राजपत्रमा प्रकाशित मिति

२०४६।८।१९

प्रतिलिपि अधिकार ऐन, २०२२ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यी नियमहरुको नाम "प्रतिलिपि अधिकार नियमावली, २०४६" रहेको छ ।

१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

२.१.१ "ऐन" भन्नाले प्रतिलिपि अधिकार ऐन, २०२२ सम्झनुपर्छ ।

२.१.२ "दर्ता किताब" भन्नाले प्रतिलिपि अधिकार दर्ता गर्न ऐनको दफा ७ को उपदफा (१) बमोजिम रजिष्ट्रारको कार्यालयमा राखिएको दर्ता किताब सम्झनुपर्छ ।

३. **प्रतिलिपि अधिकारको दर्ता तथा प्रमाणपत्र** :

३.१ ऐनको दफा ३ को उपदफा (२) बमोजिम अधिकार प्राप्त व्यक्तिले कुनै रचनाको प्रतिलिपि अधिकार दर्ता गराउन चाहेमा आफनो सबूद प्रमाण सहित पाँच रुपैयाँ दस्तूर राखी अनूसूची - १ बमोजिमको ढाँचामा रजिष्ट्रारको कार्यालयमा दरखास्त दिनु पर्नेछ । त्यसरी दरखास्त दिंदा समय समयमा समितिले तोकिदिए बमोजिमको संख्यामा सम्बन्धित रचनाको प्रतिलिपि पनि पेश गर्नु पर्नेछ ।

३.२. उपनियम ३.१ बमोजिम दरखास्त परेपछि रजिष्ट्रारले दरखास्तवालाको नाममा प्रतिलिपि अधिकार दर्ता गर्न हुने हो वा होइन भन्ने कुराको आवश्यक जाँचबुझ गरी आवश्यक भए समितिको रायसमेत लिई दर्ता गर्न हुने देखिएमा दर्ता किताबमा दरखास्तवालाको नाममा प्रतिलिपि अधिकार दर्ता गरी पचास रुपैयाँ दस्तूर लिई अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्तवालालाई त्यसको प्रमाणपत्र दिनु पर्नेछ ।

नेपाल कानून आयोग

३.३. उपनियम ३.२ बमोजिम प्रतिलिपि अधिकार दर्ता हुन नसक्ने भएमा रजिष्ट्रारले सो कुरा खुलाई दरखास्तवालालाई लिखित सूचना दिनु पर्नेछ ।

४. **निरीक्षण गर्न वा नक्कल लिन सक्ने** :

४.१. कुनै व्यक्तिले दर्ता किताबमा रहेको कुनै विषय वा त्यसको कुनै अंशको नक्कल लिन वा निरीक्षण गर्न चाहेमा अनुसूची-३ बमोजिमको ढाँचामा रजिष्ट्रारको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

४.२. उपनियम ४.१ बमोजिम दरखास्त परेपछि रजिष्ट्रारले उपयुक्त देखेमा दश रुपैयाँ दस्तूर लिई नक्कल दिन वा निरीक्षण गर्न दिन सक्नेछ ।

५. **दर्ता किताबमा सच्याउने** :

५.१ देहायको अवस्थामा रजिष्ट्रारले दर्ता किताबमा लेखिएको कुनै नाम, ठेगाना वा विवरण वा अन्य कुराहरु कैफियत जनाई सच्याउन सक्नेछः-

५.१.१ रचयिताको नाम, ठेगाना फरक परेमा,

५.१.२ रचनाको प्रकाशकको नाम फरक परेमा वा फेरिएमा,

५.१.३ रचनाको मुद्रकको नाम फरक परेमा वा फेरिएमा,

५.१.४. रचयिताको आफनो रचना उपरको प्रतिलिपि अधिकार अरुलाई हस्तान्तरण गरेको सूचना प्राप्त भएमा ।

६. **प्रतिलिपि अधिकार हस्तान्तरण भएमा दर्तावालाको नाम खारेज गरी हालवालाको नाममा दर्ता गर्नु पर्ने** : ऐनको दफा ५ को उपदफा (१) बमोजिम कुनै प्रतिलिपि अधिकारको हस्तान्तरण सम्बन्धी सूचना प्राप्त भएमा रजिष्ट्रारले पचास रुपैयाँ दस्तूर लिई दर्ता किताबमा साविक दर्तावालाको नाम खारेज गरी हालवालाको नाम दर्ता गरिदिनु पर्नेछ ।

७. **रचनाको नेपालीमा अनुवाद गरी प्रकाशन गर्न इजाजत दिने** :

७.१ ऐनको दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको अवस्थाहरुमा कसैले प्रतिलिपि अधिकार दर्ता भएको कुनै रचनालाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्न इजाजत लिन चाहेमा ऐनको दफा १२ को उपदफा (४) बमोजिम राख्नु पर्ने धरौटी सहित अनुसूची- ४ बमोजिमको ढाँचामा रजिष्ट्रारको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

नेपाल कानून आयोग

७.२ उपनियम ७.१ बमोजिम दरखास्त परेपछि रजिष्ट्रारले त्यस्तो रचनालाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्न उपयुक्त देखेमा दरखास्तवालाई इजाजतपत्र दिन सक्नेछ ।

८. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** :

८.१ एनेको दफा २६ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

८.१.१ कुनै रचना वा रचनाको पाण्डुलिपिको विषयमा उठेका समस्याका बुंदाहरुमा छलफल गरी निर्णय दिने ।

८.१.२ प्रतिलिपि अधिकारसम्बन्धी विषयमा उठेका प्रश्नहरुको निराकरण गर्ने ।

८.१.३ प्रतिलिपि अधिकारको तेरो मेरो सम्बन्धी विवादको निर्णय गर्ने ।

८.१.४ प्रतिलिपि अधिकार चोरीसम्बन्धी वादविवादको निर्णय गर्ने ।

८.१.५ कुनै रचनाको प्रतिलिपि अधिकार दर्ता गराउन चाहने व्यक्तिले पेश गर्नुपर्ने सम्बन्धित रचनाको प्रतिलिपिको संख्या निर्धारण गर्ने ।

८.१.६ ऐन तथा यस नियमावलीबमोजिम काम कारवाही गर्दा आई पर्ने समस्याहरुको समाधान गर्ने, र

८.१.७ श्री ५ को सरकारले तोकिदिएको अन्य काम गर्ने ।

९. **<u>समितिको बैठकको सञ्चालन</u>** :

९.१ साधारणतया समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

९.२ समितिको बैठक बोलाउन उचित कारण देखाई समितिका सम्पूर्ण सदस्थ संख्याको बीस प्रतिशत सदस्यहरुले लिखित आवेदन दिएमा त्यस्तो आवेदन परेको महीना दिनभित्र अध्यक्षले समितिको बैठक बोलाउनु पर्नेछ ।

९.३ समितिको बैठकको सभापतित्व अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट तोकेको सदस्यले गर्नेछ ।

९.४ समितिको बैठक बोलाउँदा समितिका सदस्यहरुलाई बैठक बस्ने मिति, समय, स्थान तथा छलफलको विषय खोली रजिष्ट्रारले लिखित सूचना पठाउनु पर्नेछ ।

९.५. समितिको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई सदस्यहरु उपस्थित नभै समितिको बैठक बस्न सक्ने छैन । गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा त्यसको भोलिपल्ट अर्को बैठक बोलाइनेछ र सो बैठकमा समितिको सम्पूर्ण सदस्यको आधा सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

९.६ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

१०. **अनुसूचीमा हेरफेर गर्न सक्ने** : श्री ५ को सरकारले आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

नेपाल कानून आयोग

नेपाल कानून आयोग

अनुसूची - १

(उपनियम ३.१ संग सम्बन्धित)

<u>प्रतिलिपि अधिकार दर्ताको लागि दिइने दरखास्त</u>

श्री रजिष्ट्रार,

रजिष्ट्रारको कार्यालय ।

.............................. ।

महोदय,

प्रतिलिपि अधिकार ऐन, २०२२ बमोजिम निम्न लेखिए बमोजिमको रचनाको प्रतिलिपि अधिकार दर्ता गर्नको लागि आ□नो सबूद प्रमाण सहित उक्त रचनाको ... ... ... .. प्रति संलग्न राखी यो दरखास्त पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानूनबमोजिम सहुँला बुझाँउला ।

१. रचयिताको नाम र ठेगान :

२. रचनाको नाम :

३. भाषा :

४. प्रकाशन मिति :

५. प्रकाशन संखया :

६. प्रकाशक वा निर्माताको नाम र ठेगाना :

७. मूल्य :

८. मुद्रक :

९. पृष्ठ

१०. साइज :

दरखास्तवाला,

दस्तखत :

नाम :

ठेगाना :

मिति:-

# अनुसूची - २

(उपनियम ३.२ संग सम्बन्धित)

श्री ५ को सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

रजिष्ट्रारको कार्यालय

... ... ... ... .. ... ... ... ... ... ...

प्रमाणपत्र संख्या :

## प्रतिलिपि अधिकार दर्ताको प्रमाणपत्र

प्रतिलिपि अधिकार ऐन, २०२२ बमोजिन निम्न लेखिएबमोजिमको रचनाको प्रतिलिपि अधिकार ... ... ... ... ... ... ... ... ... ... ... मा बस्ने श्री ... ... ... ... .... .... .... .... ... .. को नाममा सम्बत् २० ..... साल महीना ... ... ... ... ... गते रोज ... ... ... मा दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

१. रचयिताको नाम र ठेगान :

२. रचनाको नाम :

३. भाषा :

४. प्रकाशन मिति :

५. प्रकाशन सख्या :

६. प्रकाशक वा निर्माताको नाम र ठेगाना :

७. मूल्य :

८. मुद्रक :

९. पृष्ठ :

१०. साइज :

मिति:-                                        रजिष्ट्रार



नेपाल कानून आयोग

अनुसूची - ३

(उपनियम ४.१ संग सम्बन्धित)

श्री रजिष्ट्रार,

रजिष्ट्रारको कार्यालय,

.............................. ।

विषय :- नक्कल लिन । निरीक्षण गर्न पाउँ ।

महोदय,

दर्ता किताबमा रहेको ... ... ... .... .... ... ... ... ... विषय वा त्यसको ... .... ... ... अंशको नक्कल लिन । निरीक्षण गर्न आवश्यक भएकोले यो दरखास्त पेश गरेको छु । नक्कल लिने । निरीक्षण गर्ने अनुमति पाउँ ।

दरखास्तवाला,

दस्तखत :

नाम :

ठेगाना :

मिति:-

नेपाल कानून आयोग

अनुसूची - ४

(उपनियम ७.१ संग सम्बन्धित)

श्री रजिष्ट्रार,

रजिष्ट्रारको कार्यालय,

............................... ।

विषय :- नेपाली भाषमा अनुवाद गरी प्रकाशन गर्न इजाजत पाउँ ।

महोदय,

निम्न लेखिएबमोजिमको रचनालाइ नेपाली भाषमा अनुवाद गरी प्रकाशन गर्ने इच्छा भएकाले धरौटी रकम रु. ... ... ... ... ... ... सहित यो दरखास्त पेश गरेको छु । उल्लेखित रचनालाई नेपाली भाषमा अनुवाद गरी प्रकाशन गर्ने इजाजत पाउँ ।

१. रचयिताको नाम र ठेगाना :

२. रचनाको नाम :

३. भाषा :

४. प्रकाशन मिति :

५. प्रकाशन संख्या :

६. प्रकाशक वा निर्माताको नाम र ठेगाना :

७. मूल्य :

८. मुद्रक :

९. पृष्ठ :

१०. साइज :

११. अनुवादकर्ताको नाम र ठेगाना :

१२. प्रकाशकको नाम र ठेगाना :

१३. पहिले अनुवाद भै प्रकाशन भए नभएको ।

१४. अनुवाद भए कुन मितिमा भएको :

नेपाल कानून आयोग

१५. अनुवाद गरी प्रकाशन गर्नुपर्नाको कारण :

१६. मूल्य : दरखास्तवाला,

१७. मुद्रक : दस्तखत :

१८. पृष्ठ नाम :

१९. साइज : ठेगाना :

नेपाल कानून आयोग